(आ.व.२०७९/०८० भजनी नगर कार्यपालिकाको बैठक संख्या १४)

आज मिति २०८० साल वैशाख १६ गते शनिबारका दिन विहान ११:००बजे भजनी नगरपालिकाका **नगर प्रमुख** श्री केवल चौधरीज्यूको अध्यक्षतामा नगर कार्यपालिकाको बैठक तपसिलको उपस्थितिमा बसी देहाय बमोजिमका निर्णयहरु गरियो।

उपस्थिति

| सि.नं. | नाम थर | पद | दस्तखत |
|---|---|---|---|
| १ | श्री केवल चौधरी | नगर प्रमुख | |
| २ | श्री राजु तिरुवा | नगर उपप्रमुख | |
| ३ | श्री धर्मेन्द्र श्रेष्ठ | कार्यपालिका सदस्य | |
| ४ | श्री दुर्गा बहादुर पुनमगर | कार्यपालिकासदस्य | |
| ५ | श्री बिक्रम चौधरी | कार्यपालिकासदस्य | |
| ६ | श्री जन्ताराम चौधरी | कार्यपालिकासदस्य | |
| ७ | श्री केशव बहादुर बुढा | कार्यपालिकासदस्य | |
| ८ | श्री रामसागर चौधरी | कार्यपालिकासदस्य | |
| ९ | श्री अमर बहादुर कठरिया | कार्यपालिकासदस्य | |
| १० | श्री पंकज चौधरी | कार्यपालिकासदस्य | |
| ११ | श्री संजीव कुमार चौधरी | कार्यपालिकासदस्य | |
| १२ | श्री मन देवी चौधरी | कार्यपालिकासदस्य | |
| १३ | श्री जैसरा कामी ओड | कार्यपालिकासदस्य | जैसरा |
| १४ | श्री शान्ती कुमारी चौधरी | कार्यपालिकासदस्य | |
| १५ | श्री राजमती चौधरी | कार्यपालिकासदस्य | |
| १६ | श्री कृष्ण कुमारी चौधरी | कार्यपालिकासदस्य | |
| १७ | श्री गणेश कुमार वि.क. | कार्यपालिकासदस्य | |
| १८ | श्री प्रेम बहादुर चन्दरा | कार्यपालिकासदस्य | |
| १९ | श्री रामदेव राजी | कार्यपालिकासदस्य | |
| २० | श्री नोखिराम ओली | प्र.प्र.अ. / सचिव | |

अन्य उपस्थिति

२१. श्री भुवनराज ओझा (अधिकृत छैठौं)

२२. श्री देवराज चौधरी (स. पाँचौं)

प्रस्तावहरु

नं.१:- स्थायी स्वास्थ्यकर्मीहरुको २०७९ माघ महिनादेखि चैत्र महिना सम्मको भूक्तानी हुन बाँकी तलब तथा पोशाक भत्ता भूक्तानी सम्बन्धमा ।

नं.२ :- "घ" बर्गको निर्माण व्यावसायी इजाजत पत्र सम्बन्धमा ।

नं.३:-करार कर्मचारीहरुको करार सम्झौता म्याद थप सम्बन्धमा ।

नं.४:- दुर्घटनामा परेका ,दीर्घरोगी अति विपन्नलाई आर्थिक सहयोग सम्बन्धमा ।

नं.५:-भलमन्सा तथा बडरहरुलाई संचार सुबिधा र परिचय पत्र प्रदान सम्बन्धमा ।

नं.६:-मुक्तकमैया तथा मुक्त हलियाहरुलाई घर निर्माण बापतको काठखरिद तथा घर निर्माण खर्च अनुदान सम्बन्धमा ।

नं.७:- कन्टीजेन्सी र ठेक्का गर्दा बचेको रकमबाट अधुरा भवनहरु निर्माण सम्पन्न गर्ने सम्बन्धमा ।

नं.८:ताल ठेक्काको राजश्व अशुल उपर सम्बन्धमा ।

नं.९:-सामुद्रायिक बनहरुसंग रकम माग सम्बन्धमा ।

नं.१०:-पुरैनातालको अतिक्रमित जग्गा सिमांकन सम्बन्धमा ।

नं.११:- थप कक्षा संचालन अनुमति सम्बन्धमा ।

नं.१२:- १ जना सरसफाई कर्मचारी दैनिक ज्यालादारीमा नियुक्ति सम्बन्धमा ।

नं.१३:-भजनी नगरपालिकामा मालपोत तथा नापी कार्यालय माग सम्बन्धमा ।

नं.१४:-मुस्लिम सम्मेलन कार्यक्रम सम्बन्धमा ।

नं.१५:-नगर शिक्षा समिति गठन सम्बन्धमा ।

नं.१६:-ह्युम पाईप वितरण सम्बन्धमा।

नं.१७:- वडा नं.३ र ५ मा रहेको बाढीले बनेको कन्द्रा नदि छेउको खाल्डो पुर्ने सम्बन्धमा ।

नं.१८:- विपदको समयमा नगद सहायता (संचालन) कार्यविधि २०७९ र भजनी नगरपालिका नियमित तथा अभिलेखीकरण सम्बन्धि कार्यविधि २०८० समबन्धमा ।

नं.१९:-आ.व.२०८०/२०८१ का लागि वडा स्तरीय बजेट सिलिंग /सीमा निर्धारण मापदण्ड सम्बन्धमा ।

केवल चौधरी

न.२०:- वडा न.१ मा बसपार्क बनाउने सम्बन्धमा ।

न.२१:- लौकभौका ताल र डल्फिन पर्यटकीय क्षेत्र IEE गर्ने TOR र अन्य योजनाहरुको DPR सम्बन्धमा ।

न.२२ :- रोजगार निर्देशक समितिको मिति २०८०/०१/१४ को निर्णय बमोजिम वडा न.७ को योजना छनौट सम्बन्धमा ।

न.२३:- अर्थ मन्त्रालयको मिति २०८० बैशाख १४ गतेको वित्तीय समानीकरण अनुदान पत्र सम्बन्धमा ।

निर्णयहरु

नं.१:- प्रस्ताव नं.१ माथि छलफल गर्दा भजनी नगरपालिकामा कार्यरत स्थायी स्वास्थ्यकर्मीहरुको २०७९ माघ महिनादेखि चैत्र सम्मको भूक्तानी हुन बाँकी तलब र पोशाक भत्ता नपाएको भनि नियमित सेवा बन्द गरि आन्दोलन गरेको र मिति २०८०/०१/११ मा भएको सहमतिबाट नगरपालिकाले त.भ.को व्यवस्था गर्ने सहमति भएको हुँदा चालु तर्फ विनियोजित भैपरी शिर्षकवाट भूक्तानी दिने निर्णय सर्बसम्मत रुपमा गरियो ।

नं.२ :- पस्ताव नं.२ माथि छलफल गर्दा गणेशशान्ति निर्माण सेवा भजनी १ कैलालीलाई "घ" बर्गको निर्माण व्यावसायी इजाजत पत्र प्रदान गर्ने निर्णय सर्बसम्मत रुपमा गरियो।

नं.३:- प्रस्ताव नं.३ माथि छलफल गर्दा यस नगरपालिका भित्र करार सम्झौता सकिएका करार तथा दैनिक ज्यालादारी कर्मचारीहरुको करार सम्झौता २०८० असार मसान्तसम्म थप गर्ने निर्णय सर्बसम्मत रुपमा गरियो ।

नं.४:- प्रस्ताव नं.४ माथि छलफल गर्दा भजनी नगरपलिका भित्र स्थायी बसोबास गर्ने तपसिलमा उल्लेखित दुर्घटनामा परेका ,दीर्घरोगी अति विपन्नहरुलाई आर्थिक सहयोग शिर्षक र मानसिक रोगीहरुलाई मानसिक रोगीहरुलाई उपचारका लागि आर्थिक सहयोग शिर्षकवाट निम्नबमोजिम आर्थिक सहयोग दिने निर्णय सर्बसम्मत रुपमा गरियो ।

तपसिल

| क्र.स. | निवेदकको नामथर | बिरामीको नामथर | रोग /समस्या | ठेगाना | सहयोग रकम रु.मा |
|---|---|---|---|---|---|
| १. | जुक्ति डंगौरा | स्वं | दुर्घटनामा परि चोट लागेको | भजनी ९ | ५०००/- |
| २. | पेपी डंगौरा | स्वं | दुर्घटनामा परि हांत भांचिएको | भजनी ९ | ५०००/ |
| ३. | पेपी डंगौरा | भेदु डंगौरा | दुर्घटनामा परि चोट लागेको | भजनी ९ | ५०००/ |
| ४ | दयाराम चौधरी | सन्तोषी देवी चौधरी | दुर्घटनामा परि खुट्टा भांचिएको | भजनी ९ | ५०००/ |
| ५ | बलि चरण डंगौरा | दोहनी डंगौरा | दुर्घटनामा परि हांत भांचिएको | भजनी ९ | ५०००/ |
| ६ | श्यानु चौधरी | फुल्झारी कुमारी चौधरी | दुर्घटनामा परि हांत भांचिएको | भजनी ९ | ५०००/ |
| ७ | टिकाराम चौधरी | रिना चौधरी | दुर्घटनामा परि हांत भांचिएको | भजनी ९ | ५०००/ |
| ८ | राम बहादुर डंगौरा | आशा देवी डंगौरा | दुर्घटनामा परि कम्मर भांचिएको | भजनी ९ | ५०००/ |
| ९ | रमेश कुमार चौधरी | अनिता देवी चौधरी | दुर्घटनामा परि हांत भांचिएको | भजनी ९ | ५०००/ |
| १० | प्रिम लाल चौधरी | अपेक्षा चौधरी | दुर्घटनामा परि खुट्टा भांचिएको | भजनी ९ | ५०००/ |
| ११. | श्री देवी चौधरी | बाली चरण डंगौरा | दुर्घटनामा परि नाक,टाउको,खुट्टामा चोट लागेको | भजनी ९ | ५०००/ |
| १२ | बिर बहादुर चौधरी | अविरल चौधरी | दुर्घटनामा परि हांत भांचिएको | भजनी ३ | ५०००/ |
| | आर्थिक सहयोग प्राप्त गर्ने निवेदक/बिरामीहरुको नामवली | | | | |
| १२ | राम बहादुर डंगौरा | स्वं | मुटु/कलेजो रोग | भजनी ८ | ५०००/ |
| १३ | जानकी देवी चौधरी | सरस्वती कुमारी चौधरी | छाला /बाथरोग | भजनी १ | ५०००/ |
| १४ | अन्जु देवी चौधरी | अनन्या चौधरी | मुटु रोग | भजनी [illegible] | [illegible] |
| १५ | [illegible] | | | | |

| | | | | | |
|---|---|---|---|---|---|
| १६ | राम लाल चौधरी | स्वं | सिकल्सेल एनेमिया | भजनी ४ | ५०००/ |
| १७ | स्यनु कुमार चौधरी | कृष्ण देवी डंगौरा | पित थैलीमा क्यान्सर | भजनी ८ | ५०००/- |
| १८ | रुपा चौधरी | स्वं | मानसिक रोग | भजनी ४ कुंडी | ५०००/ |
| १९ | झख्खु डंगौरा | स्वं | मानसिक/नशा | भजनी ४ | ५०००/ |
| २० | आशाराम डंगौरा | बुधराम डंगौरा | मुटुरोग | भजनी ४ | ५०००/ |

श्री मथुरा डंगौरा एक मानसिक रोगि बालब्रह्माचारी , असहाय (तिनका हेरचाह गर्ने कोहि नभएको) र आर्थिक धनसम्पति पनि नभएको ,कर्मदेव मन्दिरका पुजारी भएकाले निजलाई रु.२१,०००/- दिने

| क्र.स. | निवेदकको नामथर | बिरामीको नामथर | रोग /समस्या | ठेगाना | आर्थिक सहयोग रकम रु.मा |
|---|---|---|---|---|---|
| २१ | कल्पना बि.क. | चन्द्रा बिश्वकर्मा | मृगौला | भजनी ४ | ५०००/ |
| २२ | मित्ठु डंगौरा | कुसुम कुमाल | मुटु | भजनी १ | ५०००/ |
| २३ | मिरा देवी चौधरी | अशिस्था चौधरी | क्षयरोग | भजनी ६ | ५०००/ |
| २४ | देव कुमारी चौधरी | सरस्वती चौधरी | मुटु /मृगौला | भजनी ३ | ५०००/ |
| २५ | बिर बहादुर चौधरी | बिस्ना देवी डंगौरा | पेटमा ट्युमर | भजनी ३ | ५०००/ |
| २६ | सरिता देवी चौधरी | स्वं | मानसिक | भजनी ३ | ५०००/ |
| २७ | कृष्ण देवी डंगौरा | आर्यन डंगौरा | पेटको शल्यक्रिया | भजनी २ | ५०००/ |
| २८ | विकास बोहरा | देउम बोहरा | क्यान्सर | भजनी १ | ५०००/ |
| २९ | बिशाल सिंह बिश्वकर्मा | स्वं | मुटुको अप्रेशन | | ५०००/ |

दुर्घटनामा परि मृत्यु भएका परिवारले काजक्रिया पाउने व्यक्तिहरुका नामावली

| क्र.स. | निवेदकको नामथर | मृतकको नामथर | कारण | ठेगाना | सहयोग रकम रु.मा |
|---|---|---|---|---|---|
| १. | श्यानु चौधरी | आइस्मा चौधरी | ट्रयाक्टर दुर्घटना | भजनी ९ | ५०००/ |
| २. | घुमिराम डंगौरा | दिलरानी डंगौरा | ट्रयाक्टर दुर्घटना | भजनी ९ | ५०००/ |

नं.५:- प्रस्ताव नं.५ माथि छलफल गर्दा भजनी नगरपलिका भित्रका ७५ भलमन्सा तथा बढ्घरहरुलाई परिचय पत्र र गाउँघरमा सूचना संचार तथा समन्वयका लागि प्रति भलमन्साहरुलाई के-कसरी संचार सुबिधा दिने बारे कार्यविधि बनाई अर्को बैठकमा पेश गर्ने/गराउने निर्णय सर्बसम्मत रुपमा गरियो ।

नं.६:- प्रस्ताव नं.६ माथि छलफल गर्दा रकम प्राप्त नगरेका ११८ जना मुक्तकमैया तथा मुक्त हलियाहरुलाई घर निर्माण बापतको काठ खरिद तथा घर निर्माण बापतको रकम स्थानीय तहबाट वितरण गर्ने मिल्ने नमिल्ने बिषयमा भूमि व्यवस्था ,सहकारी तथा गरिवी निवारण मन्त्रालयमा मिति २०७९/१२/३० च.न.१८९६ बाट राय माग गरिएकोमा मुक्त कमैया तथा हलियाहरुको लागी यस मन्त्रालयवाट समबन्धित स्थानीय तहमा वितीय हस्तान्तरण भइसकेका हुँदा हाल पत्रवाट राय माग गरिएको सम्बन्धमा स्थानीय सरकार संचालन ऐन २०७४ अबोजिम निर्णय गर्न उपयु

केवल चौधरी
नगर प्रमुख

हुने व्यहोरा लेखि आएको हुँदा स्थानीय तहको स्वीकृत कार्यविधि बमोजिम गठित समितिवाट उक्त ११८ जनाको निवेदन रुजु चेकजाँच गरि कार्यपालिकामा पेश गर्ने निर्णय सर्बसम्मत रुपमा गरियो ।

नं.७:- प्रस्ताव नं.७ माथि छलफल गर्दा भजनी ३ न.वडामा रहेको आधारभूत स्वास्थ्य सेवा केन्द्र ठेकिपुर र भजनी २ नं.वडा कार्यालय रजवारा ,कैलालीको भवनहरुको केहि काम बाँकी रहेकाले कन्टीजेन्सी र ठेक्का गर्दा बचेको रकमबाट बेहोर्ने गरी बाँकी कार्यको लागत इस्टिमेट बनाई निर्माण सम्पन्न गर्ने निर्णय सर्बसम्मत रुपमा गरियो ।

नं.८:- प्रस्ताव नं.८ माथि छलफल गर्दा यस नगरपालिका भित्रका रहेका तालतलैया बाट अन्तरिक आय संकलन गर्ने गरी नगरपालिकाले बिभिन्न मितिमा आय ठेक्का बन्दोबस्त गरे अनुसार ठेक्का प्राप्त गर्ने व्यक्तिबाट नगरपलिकालाई बुझाउनु पर्ने रकम बाँकी रहन गएको र सो कुरा महालेखा परीक्षकको कार्यालयले पनि बेरुजु औल्याएको हुँदा बुझाउन बाँकी रहेका सबै ठेकेदार व्यक्तिहरुलाई बैशाख मसान्त सम्मको समय दिई रकम बुझाउन पत्राचार गर्ने र उक्त समय भित्र पनि बाँकि रकम नबुझाएमा चलअचल सम्पत्ति रोक्का राखी दिन मालपोत कार्यालय र बैंकहरुमा पत्राचार गरि अग्रिम जानकारी पत्र समेत पठाउने निर्णय सर्बसम्मत रुपमा गरियो ।

नं.९:- प्रस्ताव नं.९ माथि छलफल गर्दा स्थानीय सरकार संचालन ऐन २०७४ को परिच्छेद ९ दफा ६२(ख) को उपदफा २ मा भएको व्यवस्था अनुसार यस नगरपालिका क्षेत्र भित्रका सामुदायिक बनहरुले यस आ.व.मा हालसम्म आम्दानी गरेको जम्मा रकम मध्येको १०% ले हुन आउने रकम यस कार्यालयको खातामा दाखिलाका लागि जिल्ला बन कार्यालय धनगढी मार्फत पत्राचार गर्ने निर्णय सर्बसम्मत रुपमा गरियो ।

नं.१०:- प्रस्ताव नं.१० माथि छलफल गर्दा अतिक्रमित पुरैना तालको जग्गा संरक्षण/सम्बर्धन गर्ने सिमांकनका लागि जिल्ला प्रशासन कार्यालय धनगढी,कैलालीमार्फत नापी कार्यालय र अन्य सम्बन्धित कार्यालयहरुलाई पत्राचार गर्ने निर्णय सर्बसम्मत रुपमा गरियो ।

नं.११:- प्रस्ताव नं.११ माथि छलफल गर्दा भजनी नगरपालिका शिक्षा शाखा संग समन्वय गरी ए.टि.एस. एकाडेमी स्कुल भजनी १ कैलालीलाई कक्षा ३ सम्म र घोड्ताल एकेडेमी भजनी ९ पचमुडियालाई कक्षा ५ सम्म संचालन गर्ने अनुमति दिने ~~गर्ने~~ निर्णय सर्बसम्मत रुपमा गरियो ।

नं.१२:- प्रस्ताव नं.१२ माथि छलफल गर्दा यस कार्यालयमा १ जना सरसफाई कर्मचारी दैनिक ज्यालादारीमा राखी कामकाज गराउने निर्णय सर्बसम्मत रुपमा गरियो ।

नं.१३:- प्रस्ताव नं.१३ माथि छलफल गर्दा यस नगरपालिका क्षेत्र भित्र मालपोत कार्यालय र नापी कार्यालय भएमा नागरिकलाई सेवा प्राप्त गर्न सहज हुने भएकोले भजनी नगरपालिका भित्र उक्त कार्यालयको शाखा कार्यालय स्थापना गरी दिनका लागि नेपाल सरकारलाई अनुरोध गर्ने निर्णय सर्बसम्मत रुपमा गरियो ।

नं.१४:- प्रस्ताव नं.१४ माथि छलफल गर्दा यस नगरपालिकावाट विनियोजित बजेट मुस्लिम सम्मेलन कार्यक्रम भजनी ७ न.वडामा मुस्लिम बस्तिको बाहुल्यता भएकोले उक्त क्षेत्रमा दर्तावाला सुचिकृत मुस्लिम संस्था /समुह मार्फत उक्त कार्यक्रम सम्पन्न गर्ने निर्णय सर्बसम्मत रुपमा गरियो ।

भजनी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
भजनी, कैलाली
सुदूरपश्चिम प्रदेश नेपाल

केवल चौधरी
नगर प्रमुख

निर्णय प्रमाणित
खिराम अधिकारी
प्रमुख प्रशासकीय अधिकृत

भजनी नगरपालिका नगर कार्यपालिकाको कार्यालय भजनी, कैलाली सुदूरपश्चिम प्रदेश, नेपाल

नं.१५:- प्रस्ताव नं.१५ माथि छलफल गर्दा यस तपसिलमा उल्लेखित पदाधिकारीहरु रहने गरि भजनी नगरपालिका स्तरीय शिक्षा समिति गठन गर्ने निर्णय सर्बसम्मत रुपमा गरियो ।

तपसिल

१.अध्यक्ष - (नगर प्रमुख) श्री केवल चौधरी
२.सदस्य- (वडा अध्यक्ष ) श्री विक्रम चौधरी
३.सदस्य- (महिला सदस्य ) श्री विमा देवी बि.क.
४.सदस्य -(महिला सदस्य ) श्री कैलाशपति चौधरी
५.सदस्य -(महिला सदस्य ) श्री उर्मिला चौधरी
६.सदस्य -(वि.व्य.स.अ.) श्री हर्क बहादुर बुढा
७.सदस्य -(दलित सदस्य ) श्री भिम बि.क.
७.सदस्य -(प्र.अ.) श्री पद्म शाही
८.सदस्य -(महिला प्र.अ.) श्री राजेशी चौधरी
९. सदस्य -(महिला प्र.अ.) श्री राम दयाल चौधरी
१०.सदस्य - (बि.नि.) श्री पंख बहादुर शाह

नं.१६:- प्रस्ताव नं.१६ माथि छलफल गर्दा नगरपालिकामा रहेका ह्युम पाईपहरु अति आवश्यक परेका स्थानमा प्राविधिक कर्मचारीहरुको अनुगमन र सिफारिसका आधारमा ह्युम पाईपहरु वितरण गर्ने निर्णय सर्बसम्मत रुपमा गरियो ।

नं.१७:- प्रस्ताव नं.१७ माथि छलफल गर्दा यस भजनी नगरपालिका वडा नं.३ र ५ मा रहेको बाढीले बनेको कन्द्रा नदि छेउको खाल्डो नगरपालिकाको JCB ले माटो खन्ने र स्थानीयबासीहरुको ट्राक्टर ट्रालीमा माटो लोड गरि पुर्ने प्राविधिक लागत अनुमान तयार गराई काम गराउने , स्थानीय ट्याक्टर प्रयोग भएमा प्राविधिकको सिफारिसमा डिजेल उपलब्ध गराई कार्य अगाडी बढाउने निर्णय सर्बसम्मत रुपमा गरियो ।

नं.१८:- प्रस्ताव नं.१८ माथि छलफल गर्दा विपदको समयमा नगद सहायता (संचालन) कार्यविधि २०७९ र भजनी नगरपालिका नियमित तथा अभिलेखीकरण सम्बन्धि कार्यविधि २०८० सर्बसम्मत रुपमा पास गरि राजपत्रमा प्रकाशन गर्ने निर्णय सर्बसम्मत रुपमा गरियो ।

नं.१९:- प्रस्ताव नं.१९ माथि छलफल गर्दा आ.व.२०८०/२०८१ का लागि वडा स्तरीय बजेट सिलिंग / सीमा निर्धारण कार्य राष्ट्रिय प्राकृतिक स्रोत तथा बित्त आयोग ऐन २०७४ ले निर्धारण गरेको मापदण्ड अनुसार गर्ने गराउने निर्णय सर्बसम्मत रुपमा गरियो ।

नं.२०:- वडा न.१ मा बसपार्क बनाउने भनि तोकिएको स्थानमा केहि व्यक्तिहरुले टहरा बनाई कब्जा गरेको पाइएको हुँदा उनीहरुलाई त्यहाँवाट हटाउने निर्णय सर्बसम्मत रुपमा गरियो ।

नं.२१:- लौकभौका ताल र डल्फिन पर्यटकीय क्षेत्र IEE गर्ने सम्बन्धि स्वीकृत भएको कार्यक्षेत्रगत शर्त (TOR) र सो बमोजिमको खरिद प्रक्रिया , १५ शैया अस्पताल निर्माण गर्ने ,आवधिक योजना तयार परामर्श सेवा ,वडा न.३ ,४ र

निर्णय प्रमाणित

गोविन्द प्र. जोशी
प्रमुख प्रशासकीय अधिकृत

भजनी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
भजनी, कैलाली
सुदूरपश्चिम प्रदेश, नेपाल
२०७३

वडा नं.७ को बिभिन्न सडकको DPR कन्द्रानदीमा तटबन्धनको DPR गर्ने प्रक्रियालाई समर्थन गर्ने निर्णय सर्बसम्मत रुपमा गरियो ।

नं.२२ :- भजनी नगरपालिका ७ नं.वडा कार्यालयको मिति २०८०/०१/१३ गते, प.सं.२०७९/०८० र च.नं.७३८ को योजनाहरु कार्यान्वयनका लागि सहयोग सम्बन्धको प्राप्त पत्रानुसार रोजगार निर्देशक समितिको मिति २०८०/०१/१४ को निर्णय बमोजिम तपसिलका योजनाहरु कार्यान्वायनका लागि समर्थन गर्ने निर्णय गरियो ।

तपसिल

| क्र.स. | योजनाको नाम | कैफियत |
|---|---|---|
| १ | पन्चराम डंगौराको खेतदेखी छोडहलियासम्म कुलो झरन निकाश ,बन्जरिया | |
| २ | भगौतिको खेतदेखी चुन्नालालको खेतसम्म बाटो पटानी,बन्जरिया | |

नं.२३:- अर्थ मन्त्रालयको च.न.१२१ ,मिति २०८० बैशाख १४ गतेको अन्तिम किस्ताको वित्तीय समानीकरण अनुदान हस्तान्तरण सम्बन्धी पत्र आजको बैठकमा जानकारी भयो ।